## धुलिखेल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धुलिखेल, काभ्रे

# परामर्शदाताका लागि आशय पत्र आव्हान सम्बन्धी सूचना

**प्रकाशित मिति २०७४/०४/११**

धुलिखेल नगरपालिका प्रचुरमात्रामा विकासका सम्भावना भएको नगरपालिका हो । विकासका सम्भावनाहरुको सही पहिचान गरी सबै सरोकारवालाहरुको साझेदारी र संयुक्त प्रयासबाट यस नगरपालिकाको बृहत योजना बनाई समृद्ध बनाउने उद्देश्यका साथ धुलिखेल नगरपालिकामा आर्थिक बर्ष २०७४/०७५ देखि बृहत शहरी विकास योजना (Integrated Urban Development Plan) कार्यक्रम लागु गर्न गइरहेको छ ।

अत : यस कार्यक्रमको सहजिकरण गर्नका लागि परामर्शदाता (सेवा प्रदायक संस्था) को आवश्यकता भएकोले प्राविधिक सहयोग तथा परामर्श सेवा प्राप्त गर्न सम्बन्धित विषय क्षेत्रमा अनुभव भएका ईच्छुक पेशागत दक्षता तथा अनुभव भएका व्यवसायिक फर्म/परामर्शदाता संस्थाबाट देहाय अनुसार तोकिएको ढाँचामा आशयपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. आशयपत्रको ढाँचा यस कार्यालयबाट संकलन गर्न वा यस कार्यालयको वेभसाइटबाट समेत डाउनलोड गर्न सकिने छ । थप जानकारीको लागि ०११-४९००८३ मा फोन गरि बुझ्न सकिनेछ ।

२. इच्छुक योग्यता पुगेका संस्थाले तोकिएको ढाँचामा आशय पत्र निम्नानुसारको कागजात सहित पेश गर्नु पर्नेछ :

- आशय पत्र पेश सम्बन्धी आवेदन
- संस्थाको विस्तृत विवरण
- संस्थाको कानूनी (दर्ता, नविकरण, भ्याट/पान दर्ता, कर चुक्ता) दस्तावेज/प्रमाणपत्र
- संस्थाको प्रोफाइल तथा कामको अनुभव विवरण
- संस्थाको भौतिक पूर्वाधार र उपकरणहरुको विवरण
- संस्थाको विगत ३ वर्षको वित्तिय कारोवार सम्बन्धी विवरण
- संस्था कालो सूचीमा नपरेको स्वघोषित पत्र
- संस्थाको प्रमुख कर्मचारी तथा आवद्ध पेशागत विज्ञहरुको विवरण तथा कार्य अनुभवको क्षेत्र

३. इच्छुक आवेदक संस्थाले आशय पत्र सम्बन्धी कागजात बिस्तृत अध्ययन गरि उल्लेखित विवरणहरु भरी आवश्यक कागजात संलग्न गरी शिलबन्दी गरि खामको बाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरि यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र (अर्थात २०७४ साल भाद्र महिनाको ९ गते अपरान्ह ५ बजे भित्र) यस कार्यालयमा आशयपत्र पेश गरि सक्नुपर्नेछ ।

५. म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्विकार गरिने छैनन ।

६. आवेदक संस्थाको आधिकारिक कागजात तथा प्रमाण, कार्य अनुभव र आर्थिक, भौतिक तथा मानवीय संशाधनको अवस्थालाई आधार मानी संक्षिप्त सूची तयार गरिनेछ । योग्यता तथा अनुभवसँग सम्बन्धित कागजातका प्रतिलिपी प्रमाणित गरी पेश गर्नु पर्ने छ ।

७. विज्ञ तथा दक्ष व्यक्तिहरुको व्यक्तिगत विवरणमा निजहरुले प्रस्ताव पेश गर्ने संस्थाले जिम्मेवारी प्राप्त गरेमा आफु उक्त कार्य गर्न तैयार रहेको स्वघोषणा सहित हस्ताक्षर गर्नु पर्ने छ ।

७. आशयपत्र मूल्याङ्कनका आधारमा आवेदक संस्थाहरुको संक्षिप्त सूची तयार गरि मूल्याङ्कनको माथिल्लो श्रेणीमा रहेका कम्तिमा ३ देखि ६ वटा संस्थाहरुलाई मात्र प्राविधिक तथा आर्थिक प्रस्तावको लागि आमन्त्रण गरिनेछ ।

८. आशयपत्र एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिनेछ । संयुक्त उपक्रमको रुपमा आशय पत्र पेश गर्न इच्छुक आवेदकले आशय पत्र पेश गर्दा मुख्य भई कार्य गर्ने प्रमुख संस्था खुलेको विवरण तथा संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्बन्धी सम्झौताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा ३ भन्दा वढी संस्था संलग्न हुन पाईने छैन ।

९. यस आशय पत्र आव्हान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछन ।

**कार्यकारी अधिकृत**
**धुलिखेल नगरपालिका**
**धुलिखेल, काभ्रे**